# खुम्बु पासाङल्हामु गाउँपालिकाको

## योजना मर्मत सम्भार कोष परिचालन कार्यविनियम -२०७४

(स्वीकृत मिति : २०७४ / ०९ / १२ गते )

# खुम्बु पासाङल्हामु गाउँपालिका

गाउँ कार्यपालिकको कार्यालय

सोलुखुम्बु

# योजना मर्मत सम्भार कोष परिचालन कार्यविनियम -२०७४

**प्रस्तावना :**

यस खुम्बु पासाड ल्हामु गाउपालिका अन्तर्गत निमार्णाधिन एंव निमार्ण सम्पन्न भएका भौतिक पुवार्धार संरचनाहरुको प्रभावकारीता एंव दीगोपना ल्याउन र उपोभाक्ताले त्यस्ता योजना माग गर्ने मर्मत संभार कार्यलाई व्यवस्थित तुल्याउन मानवियता वित्तिय श्रोतको सुनिश्चिता दिनलाई अधिकतम हुने गरि नेपालको संविधान र स्थानिय सरकार संचालन ऐन,२०७४ र अन्य नियम एंव प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी खुम्बु पासाङ ल्हामु गाउपालिकाको यो योजना मर्मत संभारकोष परिचालन कार्यविनियम २०७४जारी गरिएको छ ।

## परिच्छेद १

## प्रारम्भिक

**१. नाम र प्राराम्भ**

क) यस कार्यविनियमको नाम खुम्बु पासाड ल्हामु गाउपालिकाको योजनामर्मत संभार  कोष परिचालनकार्यविनियम २०७४ रहने छ ।

ख) यो विनिमय गाउपालिकाको गाउ सभाबाट अनुमोदन हुने गरी गाउ कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

## परिच्छेद २

## परिभाषा

**२. विषय वा प्रसंगले अर्कोअर्थ नलागेमा यस कार्यविधिमा**

क) “कार्यविनियम”भन्नाले खुम्बु पासाड ल्हामुगाउपालिकाको आयोजना मर्मत संभार कोष परिचालन कार्यविनिमय २०७४लाई जनाउँछ ।

ख) “सामाजिक विकास संस्था”भन्नाले संघ संस्थादर्ता ऐन २०३४ अनुसार दर्ता भएका संघ संस्था र सामुदायिक संस्थाहरु, टोल विकास,उपभोक्ता समिति आदी सस्थालाई जनाउछ ।

ग) “गाउपालिका”भन्नाले खुम्बु पासाड ल्हामु गाउपालिकालाई जनाउंदछ ।

घ) “वडा”भन्नाले गाउपालिकाको वडाहरुलाई जनाउंदछ ।

घ) “संचालन समिति”भन्नाले मर्मत संभार कोष संचालक समितिलाई जनाउदंछ ।

च)	“निकाय”भन्नाले स्थानियतह, सरकारी तथा गैर स्रकारी संस्था एव कार्यालयहरुलाई संमेत जनाउंदछ ।

छ)	“विकास”भन्नाले मानविय तथा भौतिक विकास दुवै लाई जनाउंदछ ।

ज)	“कोष”भन्नाले खुम्बु पासाङ ल्हामु गाउपालिकामा संचालित  योजना मर्मत सभार का लागी स्थापित कोषलाई जनाउंदछ ।

## परिच्छेद ३

## उद्देश्य

**३.	उद्देश्य :**

क)	भौतिक  संरचनाको संचालनएवं मर्मत सम्भारको कार्यका लागि आवश्वक श्रोत जुटाउने

ख)	गाउपालिका भित्र सरकारी, गैर सरकारी तथा समुदाय स्तरबाट संचालनहुने योजना/आयोजनालाई मर्मत संभार गरी दीगोरुप दिलाउने ।

ग)	स्थानीय उपभोक्ताहरुलाई  आफैले संचालन गरेको योजना आयोजना हामीले र हाम्रै लागि भन्ने अनुभुतिको अपनत्वहासिल गराउने ।

घ)	समयमै स सानानियमित, पटके, आवधिक, रोकथाममूलक तथा आकस्मिक रुपमा मर्मत सम्भार गर्नुपर्ने आयोजनाहरु  मर्मत संभार गरी निरन्तर लाभ लिने क्षमताको विकास स्थानीय उपभोक्तामा गराउने ।

ङ)	वर्तमानमा सानो लागानी र थोरै मेहनतबाट भविष्यमा हुने ठूलो क्षतिबाट आयोजनालाई बचाउने ।

## परिच्छेद – ४

## गठन र काम, कर्तव्य, अधिकार

**४.	कोष संचालन समितिको गठन :**

मर्मत सम्भार कोष संचालन गर्न गाउपालिका अन्तगर्त निम्नानुसारको योजना मर्मत सम्भार कोष संचालक समितिको गठन गरिनेछ ।

क)	अध्यक्ष................................................................ ................................	संयोजक

ख)	संयोजक, गाउपालिका पूर्वाधार विकास समिति..............................................	सदस्य

ग)	उपभोक्ता  समितिहरु मध्येबाट गाँउपालिकाले तोकेबमोजिम १ जना महिला र १ जनापुरुष गरी २ जना.. सदस्य

घ)	सम्वन्धित विषयगत शाखाको प्रतिनिधि वा संयोजकले तोकेको अधिकृतस्तर को प्राविधिक कर्मचारी......... सदस्य

ङ)	प्रमुख प्रशासकिय अधिकृत...........................................................................सदस्य सचिव

वैठकमा आवश्यकतानुसार शाखा प्रमुख तथा  सम्वन्धित विषयको विज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

**५.** **बैठक सम्वन्धि व्यवस्था :**

क) समितिको वैठक सामान्यतया २ महिनाको १ पटक बस्नेछ ।

ख) समितिको बैठक समितिका संयोजकले तोकेको स्थान, मिति र समयमा बस्नेछ ।

ग) बैठक सम्वन्धि अन्यकार्य विधि समितिआफैले निर्धारण गर्नेछ ।

घ) ३ महिनाभन्दा वढि समय सम्म संयोजकले बैठक नवोलाएमा समितिका एक तिहाई सदस्यले बैठक बोलाउन लिखितमाग गरेमा सचिवले बैठक बोलाउन सक्नेछन् ।

ङ) सामान्यतया बहुमतद्धारा  निर्णय पारित गरिनेछ ।  वरावर मत भएमा अध्यक्षले निर्णायक मत दिन सक्नेछन् ।

च) समितिको बैठकको गणपूरक संख्या ५१ प्रतिशतवा सो भन्दा वढिलाई मानिने छ ।

छ) विना सूचना समितिको वैठकमा लगातार ३ पटकसम्म अनुपस्थितहुने सदस्यलाइ परिर्वतनको लागि सम्वन्धित संस्थालाई पत्राचार गरिनेछ ।

**६.** **मर्मत संभार कोष संचालक समितिको काम, कर्तव्य र अधिकारहरु**

१. मर्मत सम्भार कार्यकालागि स्थानीय श्रोतहरुको पहिचान र परिचालन गर्ने ।

२. स्थानीय उपभोक्ता वीच मर्मत संभारको औचित्यता/आवश्यकताबारे स्पष्ट पारी कोषको व्यवस्थागर्न लगाउने ।

३. मर्मत संभार कोषको व्यवस्थाबाट स साना मर्मत संभार  तथा जिर्णोद्धार कार्यका लागि लगानीको मार्ग प्रसस्त गराउने ।

४. मर्मत संभार गर्नु पर्ने क्षेत्रहरुको पहिचान गरी निश्चित मापदण्ड तयार गरी सो अनुसार प्रथमिकिकरण गर्ने ।

५. मर्मत संभार  कार्ययोजनातयार गरी कार्यान्वयनका लागि गाउपालिकामा पेश गर्ने ।

६. मर्मत संभार कार्यको नियमित अनुगमन गर्ने ।

७. यस सम्वन्धि प्रगति समिक्षा गरी सुझावदिने ।

८. साझेदारी आधारमा कार्य गर्ने बातावरण मिलाउने ।

९. गाउपालिकामा संचालित योजनाहरुको सामान्य दुर्घटनाबाट  हुन सक्ने ठुलो क्षतिलाई वेलैमावचाउने

**७. संचालन समितिको पदाधिकारीहरुको काम कर्तव्य र अधिकार ।**

**७.१ संयोजक**

क) संचालक समितिको बैठकको अध्यक्षतागर्ने ।

ख) समितिको बैठक वोलाउन सदस्य सचिवलाई निर्देशनदिने ।

ग) मर्मत सम्भारका कार्यक्रमहरु संचालन गर्न आवश्यक वजेट तथा कार्यक्रम तर्जुमागर्न व्यवस्था मिलाउने ।

घ) पुर्वाधार तथा संरचना विकास नीतिको पुनरावलोकन गर्ने गराउने ।

ङ) विकासका साझेदारहरु वीच समन्वय गर्ने गराउने ।

च) कार्यक्रमहरुको अनुगमन मूल्याङ्कन गर्ने ।

छ) मर्मत सम्भार सम्वन्धिअन्य काम गर्ने गराउने ।

ज) कोषको आन्तरिक तथा बाह्यश्रोत तथा साधन वृद्धि गर्न आवश्यक पहल गर्ने ।

झ) अन्य कार्यको हकमा कार्यविधिमा तोकिए अनुसार हुनेछ ।

**७.२ सदस्य :**

क) बैठकमा सहभागीहुने ।

ख) कोषको उद्देश्य पुरा गर्न हरतरहले समितिलाई सहयोग पुऱ्याउने ।

ग) गाउपालिकामा संचालित मर्मत सम्भार सम्वन्धि कार्यक्रमहरुको अनुगमन र मूल्याङ्कन गर्ने ।

घ) मर्मत सम्भार तथा प्रवर्द्धन सम्वन्धि अन्य काम गर्ने गराउने ।

**७.३ सदस्य सचिव**

क) संयोजकले तोकेको मितिमा बैठक बोलाउने र बैठकमा भागलिने ।

ख) बैठकमा प्रस्तावहरु पेशगर्ने ।

ग) बैठकका निर्णयहरु कार्यान्वयनगर्ने ।

घ) मर्मत सम्भार सम्वन्धीवार्षिक योजनातयार गरी पेश गर्ने ।

ङ) कार्यक्रमको अनुगमन/मूल्याङ्कन र सुचना संकलनगर्ने ।

च) कार्यक्रम संचालन गर्ने विभिन्ननिकायहरु वीच समन्वय कायम गर्ने गराउने ।

छ) समितिले तोकेको अन्यकार्य गर्ने ।

ज) बैठकको निर्णय पुस्तिका र समितिको अन्यअभिलेख राख्ने ।

झ) बार्षिक वजेट अनुमान गरी कार्यक्रमहरु तयार गर्ने ।

## परिच्छेद – ५

## कोषको व्यवस्था र परिचालन

**८. कोषको व्यवस्था :**

क) मर्मत सम्भार कोषको नामबाट गाउपालिकामा एक खाता रहनेछ । उक्त कोषमा मर्मत सम्भारका लागि प्राप्त हुने देहाय बमोजिमको रकम हुनेछन् ।

१. गाउपालिकाबाट मर्मत सम्भारका लागि यस कोषमा प्राप्त हुने रकम ।

२. नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त रकम।

३. दातृ संस्थाबाट यस कोषको नाममाप्राप्त रकम ।

४. सरोकारबाला सरकारी तथा गैरसरकारी निकायहरुबाट यस क्षेत्रमा काम गर्न प्राप्त रकम ।

५. गाउपालिकाले वार्षिक वजेट तथा कार्यक्रम बनाउदा छुटयाएको रकम ।

६. सहयोग, उपहार आदिबाट प्राप्त रकम र

७. यस कोषलाई प्राप्तहुने अन्यकुनै पनि रकम ।

**९. मर्मत सम्भार सम्वन्धीव्यवस्था :**

क) आयोजना संचालन गर्ने उपभोक्ता समिति वा आयोजना कार्यान्वयन गर्ने निकायले आयोजनाको दिगो व्यवस्थापन र उपयोग गर्ने व्यवस्था मिलाउनु पर्दछ । यस्तो कार्य गर्नको लागि आयोजनाबाट लाभ पाउने उपभोक्ताहरुको भेलाबाट सेवा शुल्क निर्धारण गरी मर्मत संभार कोष खडा गर्ने र यसै रकमबाट आयोजनाको नियमित मर्मत संभारको आवश्यक व्यवस्था मिलाउन सक्नेछन् ।

ख) गाउपालिकाले विगतमा संचालित सम्पन्न योजना सामान्य भत्के बिग्रेमा उपभोक्ताको माग वमोजिम यहि कोषबाट निर्माण गर्न सक्ने छ र सो को संचालन यसै कार्यविधि बमोजिम गरिनेछ ।

**१०. कोषको संचालनतथा लेखापरिक्षण सम्वन्धीव्यवस्था**

क) कोषको संचालन र लेखापरिक्षण स्थानीय निकाय आर्थिक प्रशासन सम्वन्धी प्रचलित ऐन नियम बमोजिम गाउपालिकाका कै आर्थिक कार्य प्रणाली बमोजिम गरिनेछ ।

ख) अन्य ऐन, नियम विनियम, निर्देशिकामा मर्मत संभार सम्वन्धिव यवस्था भएको हकमा सोहि बमोजिम गर्नु पर्नेछ ।

ग) यस कोषको संचालन भौतिक संरचनाहरुको प्रभावकारी र दिगो संचालन एवं उपयोगको लागि मर्मत संभार कार्य, सो सम्वन्धी सूचना प्रणाली स्थापना तथा समपुरक कोषको रुपमा परिचालन गर्न प्राथमिकता दिनु पर्नेछ

## परिच्छेद – ६

## कार्यविनियममा संसोधन

**११. कार्यविनियममा संसोधन :**

क) कार्यविधी नियम संशोधन गर्नु पर्ने भएमा मर्मत सम्भार संचालन समितिले संशोधनको प्रस्ताव तयार गरी संशोधन का लागि गाउपालिकामा पेश गर्नु पर्नेछ ।

ख) गाउ सभाबाट पारित भएमा संशोधन लागु हुनेछ ।

ग) यो कार्यविनियममा उल्लेख गरिएका कुराहरुका हकमा यसै बमोजिम र उल्लेख नभएका कुराहरुको हकमाप्रचलित ऐन नियमअनुसार हुनेछ ।

घ) यस कार्य विनियममा लेखिएका कुराहरु प्रचलित ऐन कानुन सँग वाझिएको हकसम्म स्वतःनिश्कृय हुनेछ ।

# खुम्बु पासाङ ल्हामु गाउपालिकाको

# गाँउ सभासञ्चालन कार्यविधी -२०७४

गाउकार्य पालिकाको कार्यालय,

खुम्बु पासाङ ल्हामु,सोलुखुम्बु

२०७४

# खुम्बु पासाङल्हामु गाउपालिकाको

# आर्थिक कार्यविधी नियमित तथा व्यवस्थित गर्न वनेको कानुन-२०७४

गाउ कार्यपालिकाको कार्यालय,

खुम्बु पासाङल्हामु,सोलुखुम्बु

२०७४

# खुम्बु पासाङ ल्हामु गाउपालिकाको

# वैठक सञ्चालन कार्यविधि -२०७४

गाउ कार्यपालिकाको कार्यालय,

खुम्बु पासाङ ल्हामु,सोलुखुम्बु

२०७४